# २०८० पुस २४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | विषय |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषमा मौज्दात रहेको रकममध्येबाट विपद् व्यवस्थापन कोषमा दुई अर्ब रुपैयाँ उपलब्ध गराउने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय विकास परिषदमा नेपाल सरकारबाट मनोनयन हुने विभिन्न जिल्ला समन्वय समिति, स्थानीय तह, विभिन्न निकायका पदाधिकारी/व्यक्तिहरु मध्येबाट २५ जना सदस्यहरु मनोनयन गर्ने । |
| ३ | अर्थ मन्त्रालय | विश्व बैंकबाट प्राप्त हुने प्रस्तावित 100 मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण सहायतासम्बन्धी सम्झौता र कार्यक्रमसम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिन बैंकसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी दिने। |
| ४ | अर्थ मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपालको श्रेणीविहीन पदमा स्तरवृद्धि कायम भएका श्रेणी विहीन प्रथमस्तर, द्वितीयस्तर, तृतीयस्तर, चतुर्थस्तर र पाँचौस्तर पदको शुरू तलबमान, ग्रेड संङ्ख्या र ग्रेड दर स्वीकृत गर्ने। |
| ५ | अर्थ मन्त्रालय | भारतको गुजरातमा हुने दशौं भाईब्रेन्ट गुजरात ग्लोबल समिट २०२४ मा भाग लिन पुस २४ देखि २७ सम्म माननीय अर्थ मन्त्रीलाई स्वीकृति दिने। |
| ६ | गृहमन्त्रालय | नेपाल सरकार मन्त्रिपरिषदबाट विभिन्न मितिमा सहिद घोषणा भई विवरण फरक परेका सहिदहरुको विवरण सच्याउने, नेपाल राजपत्रमा प्रकाशन हुन छूट सहिदहरुको नाम प्रकाशन गर्ने र थप सहिद घोषणा गर्ने । |
| ७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०80 पुस 27-28 मा काठमाडौंमा हुने नेपाल-भारत वाणिज्य सहसचिवस्तरीय अन्तरसरकारी उपसमितिको बैठकका लागि सहसचिवको नेतृत्वमा वार्ता टोली र कार्यसूची (Agenda) स्वीकृत गर्ने। |
| ८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | यही 2080 पुष २५ गते हुन लागेको Virtual Meeting of LDCs' Trade Ministers मा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डलले नेपालको तर्फबाट सहभागिता जनाउने। |
| ९ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | गोदक सोयाक 132 के.भी. प्रसारणलाइन आयोजनाको इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. ९, १० र ११ मा निर्माणाधीन प्रसारण लाइनको केन्द्र रेखाबाट दायाँ 9 मिटर र बायाँ 9 मिटर गरी जम्मा 18 मिटर अधिकार क्षेत्र (Right of Way-RoW) भित्र पर्ने निजी जग्गा र सोभित्र रहेका अन्य संरचनाहरूको क्षतिपूर्ति निर्धारण गर्न अध्यक्ष र विशेषज्ञ सदस्य तोक्ने। |
| १० | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ताप्लेजुङ जिल्लाको मैवाखोला तथा आठराई त्रिवेणी गाउँपालिका र पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिकामा निर्माणाधीन प्रसारण लाइनको केन्द्र रेखाबाट दायाँ 9 मिटर र बायाँ 9 मिटर अधिकार क्षेत्र (Right of Way-Row) भित्र पर्ने निजी जग्गा र सोभित्र रहेका अन्य संरचनाहरूको क्षतिपूर्ति निर्धारण गर्न अध्यक्ष र विशेषज्ञ सदस्य तोक्ने। |
| ११ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | डेडिकेटेड र ट्रङ्क लाइनको विद्युत् महशुलको सम्बन्धमा देखापरेको समस्याको छानविन गरी प्रतिवेदन पेस गर्न सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री गिरीशचन्द्र लालको संयोजकत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव सदस्य रहने गरी एक समिति गठन गर्ने। समितिले प्रतिवेदन पेस गरी निर्णय नहुञ्जेलसम्मको लागि उक्त विषयको कारण विद्युत् लाइन काटिएका उद्योगहरूमा लाइन जडान गर्न निर्देशन दिने। |
| १२ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | (क) बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा 42 बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यावधि संवत् 2081 साल असार |

| | | |
|---|---|---|
| | | मसान्तसम्म थप गर्न यसैसाथ संलग्न बाधा अड्काउ फुकाउको आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।<br>(ख) बुँदा नं. (१) बमोजिम जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा 42 को उपदफा (२) बमोजिम सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा आयोगको सिफारिसमा राजपत्राङ्कित विशिष्ट श्रेणीका न्याय परिषद्का सचिव श्री देवेन्द्रराज ढकाललाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सर्वोच्च अदालतको मुख्य रजिस्ट्रार पदमा बढुवा नियुक्ति गरी पदस्थापन गर्ने। |
| १४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | न्याय सेवा आयोगको सिफारिसमा सर्वोच्च अदालतमा कार्यरत नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहरजिस्ट्रार श्री विमल पौडेललाई नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सर्वोच्च अदालतको रजिस्ट्रार पदमा बढुवा नियुक्ति गरी पदस्थापन गर्ने। |
| १५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, न्याय समूहका पाँचजना राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरुलाई सरुवा गर्ने। |
| १६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | राजश्व न्यायाधिकरण नेपालगंजको कानून सदस्य तथा अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर नेपालगंज इजलासका माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङलाई तोक्ने। |
| १७ | गृह मन्त्रालय | सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ६५ को उपनियम (२) बमोजिम सशस्त्र प्रहरी नायव महानिरीक्षक ई. किशोर प्रधानको मिति 2080/10/22 देखि लागू हुने गरी 1(एक) बर्ष पदावधि थप गर्ने। |
| १८ | परराष्ट्र मन्त्रालय | सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा युगाण्डाको राजधानी कम्पालामा यही ५-६ माघ २०८० सम्म आयोजना हुने असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको १९ औं शिखर सम्मेलन तथा सो अघि ३-४ माघ २०८० मा हुने असंलग्न आन्दोलनका सदस्य राष्ट्रहरूको मन्त्रिस्तरीय बैठकमा माननीय परराष्ट्रमन्त्रीको नेतृत्वमा र १-२ माघ २०८० मा हुने उच्च पदाधिकारीहरुको बैठकमा परराष्ट्र सचिवको नेतृत्वमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने। |
| १९ | वन तथा वातावरण मन्त्रालय | तानसेन नगरपालिका वडा नं १ भुषाल डाँडामा प्रस्तावित ढल तथा फोहोर पानी प्रशोधन तथा व्यवस्थापनको लागि ध्रुबघाट सामुदायिक वनको रुख नभएको १०१७.४७ वर्गमिटर राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| २० | वन तथा वातावरण मन्त्रालय | हेवा ए साना जलविद्युत आयोजना निर्माणको लागि पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका वडा नं १, २, ३, ७ र ८ मा रहेको राष्ट्रिय वनको १.४७ हेक्टर जग्गा पच्चिस वर्षसम्म प्रयोग गर्न दिन तथा सो वन क्षेत्रमा रहेका विभिन्न प्रजातीका २७५ गोटा रूख/पोल हटाउन स्वीकृति दिने। |
| २१ | वन तथा वातावरण मन्त्रालय | कैलाली जिल्ला स्थित लम्कीचुहा नगरपालिका वडा नं ३ र मोहन्याल गाउँपालिका वडा नं ७ मा रहेको चिसापानी-मंगलसेन (१६ कि.मि.) सडकखण्डको स्तरोन्नतिको लागि राष्ट्रिय वनको ८.9२ हेक्टर जग्गा प्रयोग गर्न र सो जग्गामा रहेका विभिन्न प्रजातीका ४७२ वटा रूख/पोल हटाउन स्वीकृति दिने। |
| २२ | वन तथा वातावरण मन्त्रालय | सुर्खेत जिल्लास्थित चौकुने-मायाताल-लगाम बजार (2८ कि.मि.) सडकखण्डको स्तरोन्नतिको लागि चौकुने गाउँपालिका वडा नं २, ३, ४ र ५ अन्तर्गत रहेको राष्ट्रिय वनको २७.७६ हेक्टर जग्गा प्रयोग गर्न दिन र सो जग्गामा रहेका विभिन्न प्रजातीका १८८४ गोटा रूख/पोल हटाउन स्वीकृति दिने। |
| २३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को उपदफा (४) बमोजिम विश्वसम्पदा सूचीमा सूचीकृत भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको |

| | | |
|---|---|---|
| | | तोकिएबमोजिमको चार किल्लाभित्रको क्षेत्रलाई लुम्बिनी संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| २४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | भरतपुर महानगरपालिका, चितवनलाई वागमती प्रदेश सरकारसँगको साझेदारीमा भरतपुर महानगरपालिका, वडा नं. १५ स्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि सहमति प्रदान गर्ने। |
| २५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | एनसेलको शेयर खरिद विक्री भएको भनिएको सम्बन्धमा अध्ययन तथा छानविन गर्न नेपाल सरकार,मन्त्रिपरिषद्को मिति २०८०/०८/२१ को निर्णयानुसार गठित समितिको कार्यावधि २०८० साल माघ १५ गतेसम्म थप गर्ने। |
| २६ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष श्री पुरूषोत्तम खनालले दिनुभएको राजीनामा स्वीकृत गर्ने। रिक्त अध्यक्ष पदमा नियुक्तिको लागि सिफारिस गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने।प्राधिकरणको कार्यवाहक अध्यक्ष पदमा श्री नवराज अधिकारीलाई तोक्ने। |
| २७ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव श्री रामकृष्ण सुवेदीको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव पदमा र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री कृष्णबहादुर राउतको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सचिव पदमा सरूवा गर्ने। | |